जहाँ छ मेरो जन्मभूमि, त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए, हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥- कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रबर्द्धनको गुरू

जि.प्र.का.महोत्तरी द.नं. ४३/०७०/७१
जि.महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today Daily

एक कदम अगाडि




बर्ष ११ • अंक ५४ • २०८० पौष १ गते आइतवार • 17 Dec. 2023 • पृष्ठ ४ • मुल्य रु.५/-

## माता सीताको मटकोर विधि सम्पन्न,आज विवाहपञ्चमी

जलेश्वरटुडे समाचारदाता
धनुषा, ३० मंसिर



सीताराम विवाहपञ्चमी महोत्सव अन्तर्गत पाँचौ दिन शनिबार माता सीताको मटकोर विधि सम्पन्न भएको छ ।
जानकी मन्दिरको प्राङ्गणबाट बाजागाजासहित विहेको वेदी बनाउन जनकपुरधामको ऐतिहासिक गंगासागर पोखरीमा माटो ल्याउन पुगेका थिए। मटकोर विधिको क्रममा लगिएको माटोबाट सीताराम विवाहका लागि मडवा निर्माण गरिने छ। पोखरीबाट जानकी मन्दिर भित्रियाइएको माटोले सीताराम विवाहका लागि वेदी तयार गर्ने चलन रहेको छ । मटकोरको क्रममा सेभ हिस्टोरिकल जनकपुर धामले प्रत्येक दिन आयोजना गर्ने गंगा आरतीको समेत आयोजना गरेको थियो। सो अवसरमा जानकी मन्दिरका सहायक महन्थ रामरोशन दास वैष्णव लगायत श्रद्धालुहरुको सहभागिता रहेको थियो। सप्ताहव्यापी कार्यक्रम विवाह पञ्चमी महोत्सव अन्तर्गत पहिलो दिन नगर दर्शन, दोस्रो दिन फुलवारी लीला, तेस्रो दिन धनुष यज्ञ, चोथौ दिन तिलकोत्सव र

*बांकी पृष्ठ २*

## जनकपुरधामको बाह्रबिघामा ८५ क्विन्टल अनाजबाट ११ हजार स्कवायर फिटको सीताराम स्वयम्बर प्रतिमा निर्माण

जलेश्वरटुडे समाचारदाता
धनुषा, ३० मंसिर




सीताराम विवाहपञ्चमी महोत्सवलाई लक्षित गरी जनकपुरधाममा अन्नबाट ११ हजार स्क्वायर फिटको राम जानकी स्वयम्बरको प्रतिमा निमार्ण गरिएको छ । विवाहपञ्चमीलाई विश्वमा चिनाउन र विश्व रेकर्डका ८५ क्वीन्टल अन्नबाट ऐतिहासिक रंगभूमि मैदान बाह्रविघामा प्रतिमा निर्माण गरिएको हो । विश्व रेकर्ड कायम गरी जनकपुरलाई पर्यटन प्रवर्द्धन तथा व्यवसाय फस्टाउन प्रतिमा निर्माण गरिएको जनकपुर उद्योगा बाणिज्य संघका उपाध्यक्ष अम्भु प्रसाद साहले बताए। अन्नबाट स्वंम्वरको प्रतिक स्वरुप राम र सीताको प्रतिमा बनाइएको छ। उत्तर छेउमा रामका

*बांकी पृष्ठ २*

## विद्यालयको स्वर्ण महोत्सव उदघाटन गर्न प्रधानमन्त्री प्रचण्ड बर्दिबास आउदै

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, ३० मंसिर



जनता मावि गौरिडाडाको स्वर्ण महोत्सवको उदघाटन गर्न प्रधानमन्त्री पुष्पकमल दाहाल ञप्रचण्डभ महोत्तरी आउने भएका छन । स्थापना दिवसको अवसर पारेर १ पुसमा निर्धारण गरिएको महोत्सवमा सहभागी हुन प्रधानमन्त्री प्रचण्ड महोत्तरीको बर्दिबास आउने भएका हुन ।
२०३१ सालमा औपचारिक स्थापना भएको विद्यालय जिल्लाको नै उत्कृष्ट विद्यालय मानिन्छ। झण्डै २५ सय विद्यार्थी अध्यण गर्ने यो विद्यालयमा अहिले प्राविधिक धार का कक्षाहरु समेत संचालन हुँदै आएका छन ।
पुर्णतया अंग्रेजी माध्यममा पढाइ हुने यो विद्यालयमा लगभग १७ जिल्लाका विद्यार्थी पठनपाठन गर्न आउने गरेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजन ढुगांनाले जानकारी दिए। उक्त कार्यक्रममा विद्यार्थीहरुले उत्पादन गरेका विभिन्न स्टल समेत देख्न पाइनेछ

*बांकी पृष्ठ २*

## संसदीय पत्रकारिता विषयमा मधेश प्रदेशसभामा अन्तरक्रिया समपन्न

जलेश्वरटुडे समाचारदाता
धनुषा, ३० मंसिर



मधेश प्रदेश सभा सचिवालयको आयोजना र नेपाल पत्रकार महासंघ धनुषा शाखाको सहकार्यमा संसदीय पत्रकारिता विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । अन्तरक्रियामा सभामुख रामचन्द्र मण्डलले पछिल्लो समय मधेश प्रदेशसभा प्रति सञ्चारकर्मीहरु माझ बढ्दो सवालहरु र प्रदेशसभामा सञ्चारकर्मीहरुको न्यून उपस्थितिलाई सहज बनाउन सुरुवात स्वरुप यो कार्यक्रमको आयोजना गरेको बताए । स्थान अभाव देखाउँदै कोरोना महामारीदेखि नै प्रदेशसभाबाट हटाइएको सञ्चारकर्मीहरुको स्थान पुन: स्थापित गर्न काम थालिसकेको समेत उनले जानकारी दिए । सभामुख मण्डलले सभाको अर्को बैठक बस्दा सम्म सञ्चारकर्मीहरुको सदनमा उपस्थीतिका लागि स्थान निर्माण भईसक्ने प्रतिबद्धता व्यक्त गरे। शुक्रबार प्रदेश सभाका सभामुख मण्डलको प्रमुख आतिथ्य, उपसभामुख बबिता कुमारी राउत ईशरको विशिष्ट आतिथ्यमा अन्तर क्रिया सम्पन्न भएको हो । अन्तर क्रियामा बोल्दै पत्रकार महासंघ धनुषाकी अध्यक्ष मनिका झाले सञ्चार कर्मीहरुका लागि संसदीय मामिलामा पत्रकारिता गर्न प्रशिक्षण कार्यक्रमको आयोजना तथा अन्तरप्रदेशिय प्रदेशसभाहरुको भ्रमणको

*बांकी पृष्ठ २*




लोहारपट्टी नगरपालिकाको कार्यालय,महोत्तरी




रामगोपालपुर नगरपालिकाको कार्यालय,जलेश्वर,महोत्तरी

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जलेश्वर टुडे
Jaleshwor Today Daily


जलेश्वरनाथ महादेव 'महालिङ्ग'

## सम्पादकीय ...

# विवाहपञ्चमीको शुभकामना

आज त्रेतायुग कालिन भगवान राम र माता सीताको विवाहको माँगलिक अवसरमा मिथिलाञ्चलमा विवाहपञ्चमी महोत्सव मनाइदै छ । आज मिथिलाञ्चल सहित भारतवर्ष हर्ष तथा आनन्दलले गदगद देखिन्छ । किनभने भारतको अयोध्यामा अहिले रामललाको मन्दिरको उद्घाटनको साथै शुभारम्भ गरिएको छ जहाँ रामभक्तजन रामललाको दर्शन गर्न दैनिक पुग्ने गरेका छन् । विवाहपञ्चमीको अवसरमा त्यहाँ पनि माता सीता र भगवान रामको विवाहको चर्चा तथा महोत्सव भव्य रुपमा मनाइरहेको छ। भारतको सीतामढीमा समेत विवाहपञ्चमी महोत्वस मनाइने गरिन्छ। तर जनकपुरधाममा माता सीता र भगवान रामको विवाहको विधि अनुपम र मिठास देखिन्छ । राजर्षि जनकको नगरी जनकपुरधाममा माता सीता र भगवान रामको बैबाहिक कार्यक्रम एक हप्तादेखि चलिरहेको छ। आज माता सीता र अयोध्या नरेश दशरथको पुत्र भगवान रामको स्वयम्बर सहितको विवाह आज रातिसम्म समपन्न हुने छ । यसै अनुपम तथा मनमोहक दृष्यलाई हेर्न टाढा–टाढाबाट दर्शनार्थी भक्तजन तथा पर्यटकहरुको भीड अत्यधिक हुने गरेको छ । जनकपुरधामको प्रसिद्ध मन्दिर जानकी मन्दिर परिसरमा सम्पूर्ण बैबाहिक कार्यक्रमहरु समपन्न हुने गर्दछ । आज यस अवसरमा सम्पूर्ण जनकपुरधामबासी अधैर्य भएको देखिन्छ । उनीहरु भावुक छन् भने कति जना अपार खुशीले व्याकुल देखिन्छ । प्रत्येक वर्ष यस धार्मिक तथा ऐतिहासिक परम्परालाई सम्मान गर्न अयोध्याबाट रामलला सहितको जन्ती आजकै दिन जनकपुरधाम आइपुग्ने गर्दछ । यस अलौकिक अवसरमा भारतको प्रधानमन्त्री नरेन्द्र मोदी र उत्तरप्रदेशको मुख्यमन्त्री योगी आदित्यनाथ सहितको कैयौं महापुरुषहरुको आगमन भइसकेको छ। यस अवसरमा विशेष रुपमा स्वर्गका देवीदेवताहरु समेत खुशी हुने गरेको दृष्यलाई चित्रण गर्न गराउन हेलिकप्टरबाट फुलको वर्षा जनकपुरधामको जानकी मन्दिर र राम मन्दिर परिसरमा गर्ने गरिन्छ । यसै दिनदेखि मिथिलाञ्चलमा बैबाहिक गतिबिधि आरम्भ हुने गरेको छ । मर्यादा पुरुषोत्तम राम र नारी सभ्यताको प्रतिक माता सीताको विवाह तथा जिवनगाथाले सम्पूर्ण मिथिला लगायत संसारभरी छरिएर रहेका हिन्दुहरुलाई यसैगरी जिवन यापन गर्न प्रेरणा तथा आशिर्वाद प्रदान गर्दछ । उहाँहरुको मार्गमा हिड्ने जोकोहीले यश,वैभव,सुख तथा शान्ति प्राप्त गरेका छन् । अन्त्यमा सबैमा विवाहपञ्चमीको अनन्त शुभकामना ।

## माता सीताको ......

शनिबार पाँचौ दिन मटकोर विधि सम्पन्न भएको छ। महोत्सवको छैठौं दिन आइतबार स्वयम्वर एवं वैवाहिक कार्यक्रम र अन्तिम दिन सोमबार रामकलेवा विधिसँगै विवाहपञ्चमी महोत्सव सम्पन्न हुनेछ।

## जनकपुरधामको ......

गुरु विश्वामित्र र दक्षिण छेउमा जानकीका बुबा जनकको प्रतिमा निर्माण गरिएको हो। प्रतिमामा रंग अनुसारकै अन्नको प्रयोग गरिएको छ। चामल, गहुँ, सोयाबिन, बदाम्र, उरिद दाल, चना दाल, रहर दाल, मसुर दाल, मकै, बदामी, मुंग दालको प्रयोग गरि प्रतिमा निर्माण गरिएको हो। हालसम्म प्रतिमा निर्माणमा १० लाखको अन्न र अन्य व्यवस्थापन गरी २० लाख बढी रुपैयाँ खर्च भएको जउवा संघका उपाध्यक्ष साहले बताए। यो अन्नको प्रतिमा विश्वमै सबभन्दा ठूलो भएको दावी गरिएको छ । यसअघि भारतको अयोध्यामा बनेको १० हजार ८०० स्क्वायर फिटको मूर्तिले गिनिज बुकमा नाम दर्ज गराई सकेको छ। जनकपुरकै चेली गुणगुण मिश्राको आग्रहमा लजनकपुर उद्योग बाणिज्य संघको आयोजन तथा जनकपुरधाम उपमहानगरपालिकाको समन्वयमा विश्वकिर्तिमान कायम गर्ने प्रयास गरेको हो । भारतको उत्तर प्रदेशका कलाकार शतिस गुर्जरको नेतृत्वमा १८ जना कालिगढहरु र जनकपुरका ४ गरी १२ जना कालिढहरुले सातदिन लगाएर प्रतिमा निर्माण गरेका छन्। यसको लागि जनकपुर उद्योग बाणिज्य संघ र जनकपुरधाम उपमहानगरपालिकाले चन्दा संकलन गरेको छ । विवाहपञ्चमी सकिएपछि अन्न असहाय, विपन्न, अनाथ आश्रम, मनाव सेवा आश्रममा वितरण गरिने प्रतिमा निर्माण समितिका अध्यक्ष समेत रहेका जनकपुर उद्योग बाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठले बताए। सप्ताहव्यापी विवाहपञ्चमीको आज पाँचौदिन राम र जानकीको मटकोर मनाइँदै छ । भोलि जनकपुरमा सीताराम विवाहपञ्ची महोत्वसको मुख्यदिन स्वयम्बर र विवाह रहेको छ। लाखौं श्रद्धालुभक्तजन जनकपुर आउने क्रम जारी रहेको छ।

## विद्यालयको स्वर्ण ......

। संकाय अनुसारका विद्यार्थीहरुले आफ्नो कला र प्रतिभा पर्दसन गर्ने विद्यालयका प्रधानध्यापक र ामसकल महतोले जानकारी दिए ।

बिज्ञान संकायका विध्यार्थीहरुले ड्रोन देखि विभिन्न बिज्ञानसगँ सम्बन्धित उत्पादन पर्दसन गर्नेछन भने वाली बिज्ञान तथा कृषि प्राविधिकका विध्यार्थीहरुले आफैले उत्पादन गरेका कृषि उपजहरु प्रदर्शनमा राख्नेछन । मुलतः विद्यालय र समुदाय, तीन वटै सरकारलाई जोडन, विद्यालयको सर्वपक्षीय हितमा सरोकारवाला सवैको ध्यान खिच्न, विद्यार्थीहरुका प्रतिभा र नवपर्वतनहरुको सार्वजनिकिरण गर्न महोत्सवको आयोजना गरिएको अध्यक्ष ढुगंनाको भनाई छ ।

## संसदीय पत्रकारिता ......

व्यवस्थापनमा मधेश प्रदेश सभाले सहयोग गरिदिनुहुन सभामुख मण्डललाई अनुरोध गरेकी थिइन्। कार्यक्रममा प्रदेश सभाका नवनियुक्त सचिव मनोज कुमार गिरी लगायत सञ्चारमाध्यमा कार्यरत ४० जना भन्दा बढि सञ्चारकर्मीहरुको सहभागितामा रहेको थियो।

# सरकारलाई दिएको समर्थन यथावत् छ : अध्यक्ष ठाकुर



जलेश्वरटुडे समाचारदाता
काठमाडौं, ३० मंसिर

सरकारलाई दिएको समर्थन फिर्ता लिन पार्टीभित्रबाटै दबाब बढिरहँदा पार्टी अध्यक्ष महन्थ ठाकुरले संघीय सरकार एवम् प्रादेशिक सरकारहरुलाई लोसपा नेपालले दिएको समर्थन यथावत रहेको स्पष्ट पारेका छन्।

थमन विक हत्या प्रकरणमा लोसपाका प्रदेशसभा सदस्य अभिराम शर्मालाई महोत्तरी जिल्ला अदालतले जन्मकैदको फैसला सुनाएपछि ठाकुर माथि सरकारको समर्थन फिर्ता लिनुपर्ने दबाब बढेको थियो । अभिराम शर्मालाई जन्मकैदपछि लोसपामाथि सरकार छाड्ने दबाब
अभिराम शर्मालाई जन्मकैदपछि लोसपामाथि सरकार छाड्ने दबाब
यस सन्दर्भमा केही सञ्चार माध्यमहरुमा भ्रमपूर्ण सूचना आएको बताउँदै अध्यक्ष ठाकुरले लोसपा नेपाल सत्तारुढ गठबन्धनको एउटा महत्वपूर्ण पक्षको रुपमा रहेको स्पष्ट पारेका हुन्। शक्ति पृथकीकरणको सिद्धान्त अनूरुप कार्यपालिका र न्यायपालिका अलग-अलग दूई स्वतन्त्र अस्तित्वमा रहेको हुनाले एकले अर्कालाई प्रभावित गर्न सक्दैन भन्ने मान्यतालाई लोसपा नेपालले आत्मसात गर्दै आएको उनको भनाइ छ। नेपाली जनताको बर्षौं देखिको अनवरत संघर्ष र हजारौंको वलिदानीको परिणाम स्वरुप प्राप्त संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको संस्थागत विकाश तथा प्राप्त उपलब्धिहरुको रक्षा गर्न सत्तारुढ गठबन्धन भित्रको पार्टीहरु बिचको सम्बन्ध थप मजबुत गर्दै देश भित्र रहेका वर्तमान चुनौतिहरुको सामना गर्नको लागि संघिय सरकार एवम् प्रादेशिक सरकारहरु प्रभावकारि रुपमा कार्य सम्पादन गर्नु पर्ने लोसपा नेपालको ठहर रहेको छ,' अध्यक्ष ठाकुरद्वारा जारी विज्ञप्तिमा भनिएको छ।

बांकी पृष्ठ ३



एकडारा गाउँपालिकाको कार्यालय,महोत्तरी

## तपाईको टुडे

मेष: परिवारीक सुख प्राप्ति
वृष: आफन्तबाट सहयोग
मिथून: मन खुश रहने
कर्कट: आर्थिक लाभ हुने
सिंह: मनमा डर बढने
कन्या: मनमा डर बढने
तुला: सम्मान भेटाउने
वृश्चिक: घरमा सहयोग भेटाउने
धनु: खर्च बढने
मकर: कोसेली प्राप्त हुने
कूम्भ: भक्तिभाव बढने
मीन: भ्रमणको योग

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०५:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०६:३० बजे |
| राति ढोका बन्द हुने समय | : १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०७:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| अन्न क्षेत्र | : नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०७:३० बजे |

## सन् २०२४ मा सातवटा अन्तरमहादेशीय मिसाइल प्रक्षेपण गर्ने योजनामा रूस

**एजेन्सी**
**मस्को, ३० मंसिर**



रूसले सन् २०२४ मा सातवटा अन्तर महादेशीय मिसाइल प्रक्षेपण गर्ने रणनितिक योजना बनाएको रूसी मिसाइल फोर्सका रणनीतिक कमाण्डर लेफ्टीनेन्ट जनरल सर्गेई काराकायेभले बताएका छन् ।

रुसबाट प्रकाशित रेड स्टारसँगको अन्तरवार्तामा शुक्रबार काराकायेभले पछिल्लो पाँच बर्षमा रूसी सेनाले प्रीक्षण तथा तालिमका लागि २० वटाभन्दा बढी मिसाइल प्रक्षेपण गरेको बताए । काराकायेभले ओरेनवर्ग क्षेत्रको यास्नीपूर्वाधार प्रयोग गरी परीक्षण गरिएको बताउँदै आगामी वर्ष थप सात वटा प्रक्षेपण गर्ने योजना रहेको उल्लेख गरेका छन् । रूस तथा संयुक्त अमेरिकाबीच अन्तरदेशीय मिसाइल र पन्डुबीहरू प्रक्षेपणको योजनाका विषयमा सूचना आदानप्रदान जारी रहेको काराकायेभले बताएका छन्। उनका अनुसार रूस र अमेरिकाले एक अर्कोलाई प्रक्षेपणको विषयमा एक दिन अघि नै जानकारी प्रदान गर्ने प्रचलन रहेको छ। स्रोतका अनुसार पूर्व सोभियत सङ्घ तथा संयुक्त राज्य अमेरिकाबीच सन् १९८८ को सन्धिअनुसार क्षेप्यास्त्र परीक्षणको कम्तीमा २४ घण्टा अगाडि सूचना लिने दिने सम्झौता भएको थियो । सूचनाले प्रक्षेपणको मिति , स्थान तथा हतियारको प्रभावको बारेमा सङ्केत गर्दछ।

## २५ जना स्टारको भिड लागेको एउटा फिल्म : वेलकम–३

**जलेश्वरटुडे समाचारदाता**
**काठमाडौं, ३० मंसिर**



बलिउडका खेलाडी अक्षय कुमारको फिल्म वेलकम-३ आगामी वर्ष डिसेम्बर २० मा रिलिजका लागि तयारी हुँदैछ। यति बेला फिल्मको सुटिङ जोडतोडका साथ भइरहेछ। गतको सेप्टेम्बरमा मात्रै अक्षयले यो फिल्मको घोषणा गरेका थिए। यो फिल्ममा एक जना दुई जना होइन २५ जना स्टारको भिड छ। अक्षयले फिल्मको सुटिङको भिडियो शेयर गरेका थिए। भिडियोमा फिल्मका स्टारकास्टहरु एउटा सिनको शूट गरि रहेका देखिन्थे । फिल्ममा अक्षय कुमार समेत २५ स्टारहरुको कमेडी हेर्न पाइनेछ । फिल्मले कमेडीको दुनियाँमा तहल्का मच्चाउने अनुमान गरिएको छ। फिल्ममा अक्षय कुमार को साथमा सञ्जय दत्त, सुनील शेट्टी, अरशद वारसी, परेश रावल, जोनी लिभर, राजपाल यादव, तुषार कपुर, श्रेयस तलपडे, कृष्णा अभिषेक, किकू शारदा, दिलेर मेहंदी पनि छन् । फिल्मका अन्य स्टार्समा मिका सिंह, राहुल देव, मुकेश तिवारी, शारिब हाशमी, जाकिर हुसैन, यशपाल शर्मा, दिशा पटानी, जैकलिन फर्नांडिस, र विना टन्डन आदि पनि छन्।

# भारतीय महिला टोलीको टेस्ट क्रिकेटमा सबैभन्दा ठुलो जित

**जलेश्वरटुडे समाचारदाता**
**काठमाडौं, ३० मंसिर**



भारतीय महिला क्रिकेट टोलीले मुम्बईमा खेलिएको टेस्ट शृङ्खलाको एक मात्र खेलमा इंग्ल्याण्डलाई ३ सय ४७ रनको ठुलो अन्तरले पराजित गरेको छ ।

भारतले जितका लागि दिएको ४७८ रनको लक्ष्य पछ्याउँदा इंग्ल्याण्डको पूरा टिम १३१ रनमा आउट भएको हो । महिला टेस्ट इतिहासमा भारतीय टोलीको यो सबैभन्दा ठुलो जित हो। भारतले पहिलो इनिङ्समा ४२८ रन बनाएको थियो भने दोस्रो इनिङ्समा ६ विकेट गुमाएर १८६ रन बनाएको थियो । इंग्ल्याण्डले पहिलो इनिङ्समा १३६ रन तथा दोस्रो इनिङ्समा १३१ रन बनायो । यस खेलमा नौ विकेट लिने दीप्ति शर्मा खेलको उत्कृष्ट खेलाडी घोषित भइन् । दोस्रो इनिङ्समा दीप्ति शर्माले ३२ रनमा चार विकेट लिइन् भने पूजा वस्त्रकारले तीन र राजेश्वरी गायकवाडले दुई विकेट लिइन्। पहिलो इनिङ्समा दिप्ती शर्माले पाँच र स्नेह रानाले दुई विकेट लिएकी थिइन् । इंग्ल्यान्डका दुवै इनिङ्समध्ये पहिलो इनिङ्समा मात्रै खेलाडीले अर्धशतक बनाएका थिए । पहिलो इनिङ्समा नेट स्काइभर ब्रन्टले सर्वाधिक ५९ रन बनाइन् । भारतका लागि पहिलो इनिङ्समा चार खेलाडीले अर्धशतक बनाएका थिए । दोस्रो इनिङ्समा भारतका लागि हरमनप्रीत कौरले सर्वाधिक ४४ रन बनाइन् ।

## सागसब्जी उत्पादनबाट आत्मनिर्भर बनेका थारु महिला

**जलेश्वरटुडे समाचारदाता**
**दाङ, ३० मंसिर**



बिहान ४ बजेदेखि नै तुलसीपुरका विभिन्न चोकमा कठ्याङ्ग्रिने चिसोको परवाह नगरी छिटुवामा सागसब्जी राखेर ग्राहकको प्रतीक्षामा बसेका भेटिन्छन् दाङका थारु महिला। तुलसीपुर बजारका चोकचोकमा किसानहरू आफूले उत्पादन गरेका कृषिउपज लिएर बिक्रीका लागि ग्राहकको प्रतीक्षामा भेटिन्छन् ।

चिसो सडकमा ग्राहकको पर्खाइमा बस्नेमध्येकी एक हुन् तुलसीपुर उपमहानगरपालिका-१० पङ्वाकी ४० वर्षीया रामकुमारी चौधरी । उनी व्यावसायिरूपमा काउली र आलुखेती गरेर आत्मनिर्भर छिन्। उनी भन्छिन्, “सडकमा बसेर सागपात बिक्री गर्न थालेको वर्षौं बित्यो । यसबाटै जीवन गुजारा भएको छ । कृषिकर्मबाट राम्रो आम्दानी भएको छ ।”

गाउँबाट राति २ बजे नै छिटुवा बोकेर कहिले पैदल त कहिले अटो चढेर आउने रामकुमारी पनि सडकमा कृषि उपज बेचेर आत्मनिर्भर भएकी छन् । दैनिक गर्जो टार्न र आफ्ना छोराछोरीलाई कापीकलम किन्न उहाँको कृषि आम्दानीले थेगेको छ । पाँचदेखि कठ्ठा जमिनमा गरिने मौसमी र बेमौसमी खेतीबाट उनले वार्षिक रु दुईदेखि साढे दुई लाखसम्म बचत गर्दै आएको सुनाइन्। बचत रकमबाट नै उनले मल बीउबिजन, किटनाशक औषधि खरिद गर्दै आएकी छन् ।

त्रिपन्न वर्षीया आश्मानी चौधरीले पनि आफूलाई व्यावसायिक खेतीमा आफूलाई सक्रिय राखेकी छन्। पन्ध्र कठ्ठा जमिनमा चमसुर, पालुङ्गो, गोलभेडा फलाउने उहाँ धानभन्दा सागसब्जी उत्पादनबाट राम्रो आम्दानी लिन सफल भएको बताउँछिन् । उनले गत वर्ष रु तीन लाख आम्दानी गरेको बताइन् । तुलसीपुर १६ की ४० वर्षीया राजपति चौधरी पनि १२ कठ्ठा जमिनमा व्यावसायिकरूपमा सागसब्जी लगाएर गरेर आत्मनिर्भर बनेकी छन् । उनले वार्षिक रु साढे तीन लाखसम्म आम्दानी हुने गरेको बताइन् । सागपात बेचेर नै उनले आफ्ना दुई छोराछोरीलाई कृषि प्राविधि पढाएकी छन् । परिश्रमअनुसार पर्याप्त प्रतिफल प्राप्त हुने कृषिकर्ममा नै आफ्ना सन्तानलाई लगाउने आफ्नो सोच रहेको उनले सुनाइन् ।

सरकारलाई .....

। यसअघि पार्टीका वरिष्ठ नेता राजेन्द्र महतोले सरकारलाई दिएको समर्थन फिर्ता गरी संघर्षको कार्यक्रम घोषणा गर्न आग्रह गरेका थिए। नेता तथा कार्यकर्ताविरुद्ध भइरहेको षड्यन्त्रको पर्दाफास गरी निर्भयताका साथ आन्दोलनमा उत्रिन तथा खुट्टा नकमाउन र हिम्मत देखाउन लोसपाका अध्यक्ष महन्थ ठाकुरलाई उनको आग्रह थियो।

*सरकारलाई दिएको समर्थन फिर्ता लिएर संघर्षको कार्यक्रम घोषणा गर्न नेता महतोको आग्रह*

लोसपाका अध्यक्ष ठाकुरले पनि शुक्रबार प्रेस विज्ञप्ति जारी गरी महोत्तरी जिल्ला अदालतले अभिराम शर्माविरुद्ध गरेको जन्म कैदको फैसलाप्रति असहमति जनाएका थिए । उनले भने, ‘स्वतन्त्र न्यायालय लोकतन्त्रको आत्मा हो। न्यायालयप्रति उच्च सम्मान प्रकट गर्दै महोत्तरी जिल्ला अदालतको उक्त फैसलाप्रति हाम्रो गम्भीर असहमति रहेको छ।’ राजनीतिक अधिकार प्राप्तिको सङ्घर्षमा जनता सडकमा उत्रेको बेला कसैको मृत्यु हुनु एउटा दुःखद घटना हो।





कामनी व्यूटी पार्लर

यहाँ व्यूटी पार्लर सम्बन्धी सम्पूर्ण काम गरिनुको साथै व्यूटी पार्लर,मेहँदी,डिजाइनर मेहँदी सम्बन्धी तालिम समेत दिइन्छ । यहाँ आधुनिक किसिमले दुल्हन सजाउने काम समेत गरिन्छ ।

सम्पर्क : साह मिनी मार्केटको सामुने,जलेश्वर,महोत्तरी



# लेखेर राख्नुहोला, अब कम्युनिस्ट प्रणाली भन्ने नै रहदैन

**–डा.बाबु राम भट्टराई**

*अब कम्युनिस्ट प्रणाली भन्ने नै रहँदैन । किनकि त्यसको मुख्य कुरा भनेको निजी सम्पत्तिको अन्त्य हो । कम्युनिस्ट घोषणापत्रले व्याख्या गरेको साम्यवाद भनेको निजी सम्पत्तिको अन्त्य हो । तर निजी सम्पत्ति अन्त्य हुने कुरा होइन रहेछ ।*

आफ्नो जीवनको लामै आयु मार्क्सवाद, लेनिनवाद र माओवाद मानेर नेपालमा जनवादी व्यवस्था स्थापना गर्ने ध्येयका साथ सशस्त्र जनयुद्धको नेतृत्व गरेका डा. बाबुराम भट्टराईले केही समय 'प्रचण्डपथ'लाई समेत पछ्याए । उनै नेता यतिवेला किटानका साथ भन्न थालेका छन्– 'अब कम्युनिस्ट प्रणाली भन्ने नै रहँदैन ।' पहिलो संविधानसभा सर्वोच्चले विघटन गरेसँगै नेपालमा प्रतिक्रान्ति सुरु भएको भट्टराईको निष्कर्ष छ । संविधानसभाबाट नयाँ संविधान बनेपछि २०७२ सालमा माओवादी परित्याग गरी वैकल्पिक राजनीतिक शक्ति बनाउने उद्घोषका साथ भट्टराई नयाँ राजनीतिक यात्रामा निस्किए । यसपछिको उनको राजनीतिक कदमहरू उतारचढावपूर्ण देखिए । हालसालै नेकपा (माओवादी केन्द्र)सँग एकता गरेर नेकपा (समाजवादी केन्द्र) बनाउने गरी राजनीतिक सहमति भएको भनिए पनि उनी यसमा सहमत देखिँदैनन् । प्रस्तुत छ, पूर्व प्रधानमन्त्री समेत रहेका नेपाल समाजवादी पार्टीका अध्यक्ष डा. भट्टराईसँग अनलाइनखबरका सुदर्शन खतिवडा र दिपेश शाहीले गरेको कुराकानीको सम्पादित अंश :

नागरिकमा निराशा, अविश्वास र एकप्रकारको छटपटी देखिन्छ । तपाईंको दृष्टिकोणमा देशमा के भइरहेको होला ?

देशमा जुन प्रकारको असन्तुष्टि, निराशा, आक्रोश देखापरेको छ त्यसका दुईवटा कारण छन् । एउटा, समाज गतिशील र परिवर्तनशील छ । पछिल्लो समय सूचना, सञ्चार प्रविधिसँगै एआई लगायतको विकासले मान्छेका आकांक्षा, चाहना ह्वात्तै बढाइदियो । सबै कुरा विश्वसँग दाँजेर हेर्ने र विश्वको तुलनामा पछाडि पर्दा आफू पनि त्यस्तै हुन पाउनुपर्छ भनेर आकांक्षा बढ्नु सकारात्मक पाटो हो । यो बेला राज्य सत्ता सञ्चालन गर्नेहरूले समाजका विद्यमान समस्याको हल गर्ने ढंगले अल्पकालीन र दीर्घकालीन योजना बनाएर अगाडि बढ्नुपर्ने हो । तर आन्दोलनबाट आएका नेताहरू, जो अहिले प्रमुख पार्टीको नेतृत्वमा हुनुहुन्छ, उहाँहरूमा वैचारिक, राजनीतिक स्खलन आएको छ । एक प्रकारले विचारको बन्ध्याकरण भएका कारण उहाँहरूले यो समस्याको हल दिन सकिरहनुभएको छैन । यही दुईवटा कारण मुलुक समस्याको भुमरीमा जेलिएको जस्तो लाग्छ ।

हिजो व्यवस्था परिवर्तनका बेला यही राजनीतिक नेतृत्व आदर्श थियो । अहिले जनताको अवस्था परिवर्तन गर्नुपर्ने अभिभारा पूरा गर्नुपर्ने वेलामा किन आदर्श बन्न सकेनन् ? नियत हो कि नियति ?

स्वाभाविक हो । मान्छे भगवान् होइन, गुण र अवगुण सहितको पुञ्ज हो । खासखास कालखण्डमा उसका गुण पक्ष हावी हुन्छ र, उसले सकारात्मक र समाजउपयोगी काम गर्छ । एउटा कालखण्डमा पुगेपछि उसमा वैचारिक, राजनीतिक, शारीरिक शिथिलता आउँछ र उभित्र रहेको सुषुप्त पाशविक प्रवृत्ति जाग्न थाल्छ । लोभ, लालच, पारिवारिक मोह, द्रव्यमोह हावी हुन थालेपछि नेतृत्व स्खलित हुन्छ । यसरी द्वन्द्ववादी दृष्टिकोणले हेर्दा कुनै कालखण्डमा राम्रो काम गरेको मान्छेले सधैं राम्रो काम गर्नुपर्छ भनेर सोच्नु बेठिक हुन्छ । अब शास्त्रीय ढंगको साम्यवाद भनेर हुँदैन । हिजो आदर्शका रूपमा वर्गविहीन, राज्यविहीन समाजको परिकल्पना गर्दै भनिएको शास्त्रीय ढंगको साम्यवाद भनेर अब हुँदैन ।

किनकि प्रत्येक मान्छेभित्र मानवीय र पाशविक गुण सँगसँगै हुन्छ, यो विज्ञानसम्मत कुरा हो । त्यसैले हिजो मानवीय गुण हावी भएका नेतामा अहिले पाशविक गुण हावी भएको हो । परिस्थिति फेरिएको हो । त्यसैले हामीले उहाँहरूबाट मात्रै अपेक्षा गर्ने भन्दा त्यसको विकल्प दिने, राम्रा गुण र विचार वहन गर्ने नेता, समूह र पार्टीलाई अगाडि बढाउनुपर्छ । तर कतिपय नागरिक निराशा पोख्ने ठाउँ र बोक्ने नेतृत्व नपाएर दुर्गा प्रसाईंहरूको पछि लागेको पनि देखियो । यो तपाईंको पुस्ताको नेतृत्वको राजनीतिक परिवर्तनपछिको एजेण्डा/दिशाविहीनताको परिणाम पो हो कि ?

समाजमा अग्रगामी, पश्चगामी, यथास्थितिवादी प्रवृत्तिभित्र निरन्तर संघर्ष चलिरहन्छ । क्रान्ति भनेको अग्रगामी शक्तिले पश्चगामी र यथास्थितिवादी शक्तिमाथि विजय हासिल गर्नु र समाजलाई अगाडि बढाउनु हो । तर नेपालको सन्दर्भमा उनीहरूलाई सत्ताच्युत गरेर आफ्नो नीति, योजना कार्यान्वयन गर्ने, त्यही अनुरूप संस्था, नियम, कानुनहरू बनाउने, आर्थिक-सामाजिक सम्बन्धलाई बदल्ने काम गर्न क्रान्तिकारी शक्ति चुके । किनकि नेपालमा हलाल क्रान्ति भयो । अंश-अंशमा गर्ने क्रान्तिले परिवर्तनको प्रक्रिया नै गिजोलियो र जनअपेक्षा अनुरूप काम हुनसकेन । कत्ति पनि भएन भन्ने होइन । म अहिले पनि जिउँदैछु पञ्चायतमा हामी एकदलीय निरंकुशता विरुद्ध लड्यौं । पछि राजा सहितको आंशिक प्रजातन्त्र आएपछि त्यो अपूर्ण छ र संविधानसभाबाटै संविधान र गणतन्त्र नै चाहिन्छ भन्यौं । त्यसपछि के गर्ने भनेर मैले जनयुद्धको अर्थ-राजनीतिक औचित्य भनेर लेखेकै थिएँ, जसमा नयाँ संविधान र गणतन्त्रपछि के गर्ने ? यसको अर्थ-राजनीतिक आधार के हुने भनेर उल्लेख थियो । यसरी जनयुद्ध विशुद्ध राजनीतिक परिवर्तन मात्र थिएन, त्यसमा आर्थिक-सामाजिक परिवर्तनको मुद्दा समावेश थिए । हामीले नगरेको होइन । तर के भयो भने एक त, माओवादी पार्टीभित्र पनि बुझाइको एकरूपता थिएन । हामीले घचेट्दै ल्याएका थियौं । यता आइसकेपछि पुराना शक्तिसँग सम्झौता गर्‍यौं, शान्ति प्रक्रियामा आइसकेपछि त क्रमशः पुराना शक्ति हावी हुँदै गए । हिजोका अग्रगामी शक्ति यथास्थितिवादी शक्तिमा परिणत भए । पश्चगामी र यथास्थितिवादी शक्ति बलिया भएपछि अगाडि लैजाने भन्दा यथास्थितिमा बस्ने शक्ति बलियो भयो ।

राजनीतिक हिसाबले परिवर्तन गर्नुपर्छ भन्ने हुटहुटी भएको, तर संरचनात्मक हिसाबले के गर्ने भन्ने योजना नभएर पो हो कि ?

त्यस्तो पनि होइन । क्रान्तिकारी शक्तिको नेतृत्वमा राजनीतिक परिवर्तन हुनुपर्थ्यो । मानौं, पहिलो संविधानसभाबाट संविधान बनाउन पाएको भए वा २०६९ साल जेठ ३ गते म प्रधानमन्त्री हुँदा बनेको समझदारी कार्यान्वयन गर्न पाएको भए वा सर्वोच्च अदालत मार्फत हस्तक्षेप गरेर संविधानसभा विघटन नगरिएको भए त्यो संविधान बन्थ्यो । किनभने, त्यतिबेला अग्रगामी शक्तिको बाहुल्य थियो । जनतामा पनि परिवर्तनको रापताप थियो । तर अत्यन्तै षड्यन्त्रमूलक ढंगले सर्वोच्च अदालतले संविधानसभा विघटन गरिदियो । संसारमै कहीं नभएको कुरा नेपालमा भयो । प्रतिक्रान्ति त्यहाँबाट सुरु भयो ।

हामीलाई काम गर्न दिइएन । पछि हाम्रो शक्ति कमजोर हुँदैगयो, जनताको चेतना भुत्ते हुँदैगयो । क्रमशः परिवर्तनका एजेन्डा सबै कमजोर हुँदैगए । अहिले हामी त्यही अवस्थामा छौं ।

राजनीतिक परिवर्तनपछि नागरिकका आशा निराशामा बदलिए । आम नागरिकको निराशाको नेतृत्व गर्न दुर्गा प्रसाईंहरू अगाडि आउन खोजेको देखियो त ?

इतिहासमा यस्तो मजाक पनि हुन्छ कहिलेकाहीं । प्रतिक्रान्ति भएका वेला यस्ता विदूषक पात्रहरू अगाडि आउँछन्, उसैलाई हिरो मानेर भीड त्यतातिर हिंड्छ । मान्छेमा हर्ड मेन्टालिटी अर्थात् भेडो मानसिकता पनि हुन्छ भनिन्छ किनकि हामी पशुजगतबाटै आएका हौं । कसैले केही भन्यो भने त्यसकै पछि कुद्ने प्रवृत्ति पनि हुन्छ । यस्तो बेला अगुवा मान्छेले बाटो देखाउनुपर्छ, समस्या यहाँनेर परेको हो भनेर भन्नुपर्छ । इतिहासले पनि यही भन्छ । माओको एउटा भनाइ छ, समाजमा अग्रगामी र पश्चगामी शक्ति १०/१० प्रतिशत जति हुन्छन्, बीचमा बस्ने मध्यवर्ती शक्ति चाहिं ८० प्रतिशत जति हुन्छ । यही ८० प्रतिशतलाई कसले प्रभावित गर्छ भन्ने प्रमुख हो । क्रान्तिकारी अग्रगामीले प्रभावित गरे भने क्रान्ति बलियो हुन्छ, समाज अगाडि जान्छ । क्रान्तिकारी नेतृत्व कमजोर भयो, नेतृत्वले सुझबुझ र बुद्धि पुर्‍याएन भने प्रतिगमनलाई बल पुग्छ । अहिले हाम्रोमा भएको त्यही हो । क्रान्तिकारी शक्तिले बाटो देखाउन नसकेपछि बीचमा रहेका जनतामा त हर्ड मेन्टालिटी हुन्छ, उनीहरू समाजका विदूषक पात्रको पछाडि लागिदिन्छन् । तर त्यो क्षणिक हुन्छ, जुन समाधान होइन । हिजोको क्रान्तिकारी शक्तिलाई हेर्ने हो भने पछिल्लो १६ वर्षमा १२ वर्ष त कम्युनिस्टहरूकै नेतृत्व छ । त्यसमा तपाईं पनि एक कार्यकाल प्रधानमन्त्री हुनुभयो । तर न व्यवहारले न सिद्धान्तले पुष्टि गर्न सक्नुभयो । समस्या कहाँ रह्यो ?

तपाईंहरू भन्न त सक्नुहुन्छ, तर यसबाट अलग हुने मेरो प्रयत्न थियो, छ । किनकि, माओवादीमा नयाँ जनवाद, जनताको जनवाद भन्ने नै थियो । मैले जसरी समाज विकास हुँदैगयो, हिजोको शास्त्रीय कम्युनिस्ट क्रान्तिको युग समाप्त भयो, अब नयाँ ढंगले जानुपर्छ भनेर पार्टीभित्र बहस चलाएको हो । संघीय लोकतान्त्रिक गणतन्त्र नै अहिलेको पूँजीवादी क्रान्ति हो भनेर पार्टीभित्र लडेकै हो ।

शान्ति प्रक्रियामा आइसकेपछि पनि संविधानसभाबाट बन्ने संविधान समाजवादी होइन । राजनीतिक, आर्थिक र सामाजिक रूपले पनि समाजवादउन्मुख, उत्पादनमूलक औद्योगिक पूँजीवादी संविधान बनाउने हो भन्नेमा म विल्कुल प्रष्ट थिएँ । पूँजीवादी लोकतन्त्रलाई नै उन्नत र प्रत्यक्ष लोकतन्त्रमा आधारित बनाउने प्रयत्न थियो, त्यो । तर कांग्रेस र एमालेको प्रदूषणले माओवादीको ठूलो हिस्सा प्रचण्डजीको नेतृत्वमा पछाडि फर्कियो । अहिले त प्रचण्ड, ओली, देउवाको भात-भान्सा खुब मिलेको छ । बडी ल्याङ्ग्वेज र भागबन्डा पनि मिलेको छ । त्यो भनेको रसायन मिलेको, विचार र चिन्तन मिलेको हो । यो सबै माओवादीको ठूलो पंक्ति यथास्थितिवादमा फस्नुको परिणाम हो ।

यो त भयो व्यवहारको कुरा । व्यवहारलाई निर्धारण गर्ने सिद्धान्तको प्रश्नमा तपाईंको विकल्प के हो ?

अब शास्त्रीय ढंगको साम्यवाद भनेर हुँदैन । हिजो आदर्शका रूपमा वर्गविहीन, राज्यविहीन समाजको परिकल्पना गर्दै भनिएको शास्त्रीय ढंगको साम्यवाद भनेर अब हुँदैन । मुख्य कुरा त कम्युनिस्ट पार्टीको आधारभूत सिद्धान्त र मूल्यमान्यतालाई पुनर्विचार गर्ने कि नगर्ने भन्ने हो । यसो नगरेसम्म कम्युनिस्ट पार्टी ओरालो लाग्नु, सिद्धिनु र पश्चिम बंगालको नियति भोग्नुको विकल्प म देख्दिनँ । त्यस्तो हुन नदिन बेलैमा समाजवादी ध्रुवीकरण गर्न मेरो आग्रह छ । मार्क्सले पनि काल्पनिक साम्यवाद होइन कि वैज्ञानिक साम्यवाद भनेका थिए । तर वैज्ञानिक साम्यवाद कसरी भन्ने खोज्दै प्रयत्न गर्ने भन्ने थियो । त्यसपछि यता रूस, चीन लगायतमा भएका प्रयोग पनि साम्यवादतिर जानेतर्फ भएन । त्यसैले नेपालले त्यही गल्ती दोहोर्‍याउनुहुँदैन । माओवादी छाडेपछि मेरो प्रयत्न अब शास्त्रीय साम्यवाद होइन, समाजवाद मात्रै भने पुग्छ भन्नेमा रहँदै आएको छ । नयाँ शक्ति हुँदै अहिले समाजवादी पार्टीसम्म यही प्रयोग गरेका छौं । लोकतन्त्र सहितको समाजवादमा तीन तत्व हुन्छन्- स्वतन्त्रता, समानता र समृद्धि । यही प्रणाली नै अहिलेको युगको समुन्नत समाजवाद हो ।

अनि कम्युनिस्ट प्रणाली के हुन्छ ?

तपाईंले लेखेर राख्नुहोला, अब कम्युनिस्ट प्रणाली भन्ने नै रहँदैन । किनकि त्यसको मुख्य कुरा भनेको निजी सम्पत्तिको अन्त्य हो । कम्युनिस्ट घोषणापत्रको सार भनेको साम्यवाद भनेको निजी सम्पत्तिको अन्त्य हो । तर निजी सम्पत्ति अन्त्य हुने कुरा होइन रहेछ । निजी सम्पत्तिको कारणले नै सभ्यता यहाँसम्म आइपुगेको रहेछ । अहिले चिन्तकहरूबीच ठूलो छलफल र बहस छ । ७० हजार वर्ष पहिले घुमन्ते र शिकारीका रूपमा होमोसेपियन्सहरू अफ्रिकाबाट घुमिरहेका थिए, तर १२ हजार वर्ष पहिले स्थिर भएर खेतीपाती गर्न जान्यो, त्यसपछि निजी सम्पत्तिको उदय भयो । त्यसपछि यता नै अत्यन्त तीव्रतामा सभ्यताको विकास भएको छ । यसरी निजी सम्पत्तिको अस्तित्व त हुन्छ तर त्यसलाई खुला छोड्दा मात्रै असमानता ल्याउने रहेछ । पूँजीवादले त्यसलाई पूरै खुला छोडिदेउ भन्यो । समाजवादले भनेको निजी सम्पत्ति चाहिने रहेछ तर त्यसलाई नियन्त्रित बनाउनुपर्छ, केही व्यक्ति र समूहमा मात्रै केन्द्रित हुन दिनुहुँदैन ।

राज्य र समाजले नियमन गरेर त्यसलाई सन्तुलनमा ल्याएर समानताको प्रत्याभूत गराउनुपर्छ भन्ने मान्यता नै समाजवाद हो । व्यक्तिगत रूपमा रिस उठेर होइन, म त दार्शनिक, वैचारिक ढंगले भनिरहेको छु । हिजो त म कम्युनिस्ट नै थिएँ । हुन्छ भने गरौं भनेर प्रयोग पनि गरियो । तर पछि हेर्दै जाँदा प्रयोगमा पनि सही देखिएन, सैद्धान्तिक दृष्टिले हेर्दा पनि त्यो ठिक छैन भन्ने निष्कर्षमा पुगें । तर हिजो नेकपा बन्ने बेलामा पनि तपाईं पुग्नुभएकै थियो । अहिले नेकपा समाजवादी केन्द्र बनाउने भनेर पार्टीमा आफ्नै नेतृत्वमा संयोजन समिति बनाउनुभएकै छ !






जलेश्वर नगरपालिकाको कार्यालय,जलेश्वर,महोत्तरी


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday